पाठ-१

"नेपालका प्रशासनिक प्रदेश"

अभ्यास

क) अपी हिमाल कुन प्रदेशमा पर्छ।

→ अपी हिमाल सुदूरपश्चिम प्रदेशको दार्चुला जिल्लामा पर्दछ।

ख) गण्डकी प्रदेशको सबैभन्दा होचो भूमि कुन हो?

→ गण्डकी प्रदेशको सबैभन्दा होचो भू-भागको रुपमा नवलपुरको त्रिवेणीसुस्ता रहेको छ।

ग) प्रदेश १ र प्रदेश २ बिचको भौगोलिक विशेषताहरु बिचको समानता र भिन्नता उल्लेख गर्नुहोस्।

→ प्रदेश १ :- यस प्रदेशले कुल क्षेत्रफलको १८.६ प्रतिशत भू-भाग ओगटेको छ। यस प्रदेशले कुल क्षेत्रफल २५,९०५ वर्ग कि.मि रहेको छ। यहाँ तराई, पहाडी र हिमाली तीनवटै भौगोलिक क्षेत्रफल रहेका छन्। विश्वको सर्वोच्च शिखर सगरमाथा र तेस्रो अग्लो हिमाल कञ्चनजङ्घा यही पर्दछन्। यिनका अलावा मकालु र चोयो हिमाल यस प्रदेशमा पर्ने प्रमुख हिमालहरु छन्। यो प्रदेश जल स्रोतको दृष्टिले पनि प्रचलित छ। मेची, तमोर, अरुण, दूधकोसी आदि यहाँका प्रमुख नदीहरु छन्। यस प्रदेशका दक्षिणी भागमा सदाबहार जङ्गल पाइन्छ। भने पहाडी भागमा ~~पतझर~~ पतझर र हिमाली क्षेत्रमा कोणधारी किसिमका जङ्गल पाइन्छ सगरमाथा राष्ट्रिय निकुञ्ज, मकालु वरुण राष्ट्रिय निकुञ्ज तथा कञ्चनजङ्घा संरक्षण क्षेत्र यहाँका प्रमुख संरक्षण क्षेत्रहरु छन्।

प्रदेश २ : यो प्रदेश तराईको समथर क्षेत्रमा पर्दछ। यस प्रदेशको कुल क्षेत्रफल ९,६६१ वर्ग कि.मि. रहेको छ। यसले देशको कुल क्षेत्रफलको ६.५६ प्रतिशत ओगटेको छ। यहाँको माटो उर्वरा र मलिलो भएको कारणले कृषि कर्मका लागि उपयुक्त छ। प्रदेश २ को हावापानी गर्मी र ओसिलो किसिमको छ भने मनसुनी वायुले ग्रीष्म ऋतुमा वर्षा गराउँछ। यहाँ उष्ण सदाबहार किसिमको जङ्गल पाइन्छ यस प्रदेशको उत्तरतर्फ बाक्लो जङ्गलले ढाकेको चुरे पर्वत शृङ्खला पर्दछ।

छ) कर्णाली प्रदेशको सभ्यता नदीको सभ्यतासँग जोडिएको छ, पुष्टि गर्नुहोस्।
→ कर्णाली प्रदेशको सभ्यता नदीको सभ्यतासँग गहिरो रुपमा जोडिएको छ। कर्णाली नदी र यसका सहायक नदीहरु वरिपरि प्राचिनकलदेखि नै मानव बस्ती बसोबास गर्दै आएको पाइन्छ। नदीले पानी, खाद्यान्न उत्पादन र यातायातको सुविधा दिएर सभ्यताको विकासमा ठूलो योगदान पुऱ्याएको छ।

कर्णाली नदी किनारको क्षेत्रमा कृषि, पशुपालन र व्यापार विशेष रुपमा फस्टाएको देखिन्छ। नदीको पानी प्रयोग गरी सिँचाइ गरिएकोले धान, गहुँ, मकै जस्ता अन्नबाली उत्पादन सम्भव भयो। यसले मानिसलाई स्थायी बास बस्न प्रेरित गऱ्यो र गाउँ तथा बस्तीहरुको विकास भयो। साथै नदी मार्ग नै सामान ओसार-प्रसार र आपसी सम्पर्कको प्रमुख माध्यम थियो। माछा मार्ने, नदीजन्य स्रोतको उपयोग गर्ने र स्थानीय पेशाहरु विकास हुनु पनि नदी सभ्यता कै देन हो। यसरी कर्णाली नदीले आर्थिक, सामाजिक र जीवनशैलीको विकासमा महत्वपूर्ण भूमिका खेलेको छ।

धार्मिक, साँस्कृतिक र सामाजिक गतिविधिहरु पनि नदी सँग प्रत्यक्ष रुपमा जोडिएका छन्। कर्णाली नदीलाई ~~अति~~ पवित्र मानी पूजा ~~आ~~ अर्चना गर्ने परम्परा, मेलापर्व, संस्कार तथा धार्मिक स्थलहरुको विकास नदीकै आसपास भएको पाइन्छ। यस आधारमा कर्णाली प्रदेशको सभ्यता नदीको सभ्यतासँग घनिष्ट रुपमा सम्बन्धित रहेको स्पष्ट रुपमा पुष्टि हुन्छ।

Century Page: Date:

5) सुदूरपश्चिम प्रदेशका मुख्य मुख्य भौगोलिक विशेषता उल्लेख गर्नुहोस-

→ सुदूरपश्चिम प्रदेशका मुख्य मुख्य भौगोलिक विशेषता निम्न रहेका छन्:

i) भु- आकृति विविधता :- यस प्रदेशमा हिमाल, पहाड र तराई तीनै भौगोलिक क्षेत्रहरू पाइन्छन्। उत्तरतर्फ उच्च हिमाली क्षेत्र, बीचमा पहाडी भु-भाग र दक्षिणतर्फ समथर तराई रहेको छ।

ii) नदी तथा जलस्रोत :- महाकाली नदी यस प्रदेशको प्रमुख नदी हो। यसका साथै सेती, कर्णालीगंगा, चमेलिया जस्ता नदीहरू बग्ने भएकाले जलस्रोतमा धनी छ।

iii) हिमाल र लेकहरू :- अपी, सैपाल जस्ता हिमालहरू यस प्रदेशमा अवस्थित छन्। उच्च लेकाली क्षेत्रले चिसो हावापानी र प्राकृतिक सौन्दर्य प्रदान गर्दछ।

iv) जलवायु विविधता: हिमाल क्षेत्रमा चिसो, पहाडी क्षेत्रमा समशीतोष्ण र तराई क्षेत्रमा तातो जलवायु पाइन्छ।

v) वनजङ्गल र जैविक विविधता : यस प्रदेशमा घना, वनजङ्गल, वन्यजन्तु र जैविक विविधता प्रशस्त पाइन्छ।

पाठ-२

" प्रदेशहरूको जनसङ्ख्यिक अवस्था र विशेषता "

अभ्यास,

क) जनसङ्ख्याका आधारमा नेपालको सबैभन्दा धेरै जनसङ्ख्या भएको जिल्ला कुन हो?

→ जनसङ्ख्याका आधारमा नेपालको सबैभन्दा धेरै जनसङ्ख्या भएको जिल्ला काठमाडौं जिल्ला हो।

ख) जनसङ्ख्या धेरैदेखि थोरैको आधारमा क्रमश: प्रदेशहरूको नाम लेख्नुहोस-।

→ जनसङ्ख्या धेरैदेखि थोरैको आधारमा क्रमश : प्रदेशहरूको नाम निम्न रहेका छन्।:-

१) बागमती प्रदेश

ii) मधेश प्रदेश
iii) लुम्बिनी प्रदेश
iv) कोशी प्रदेश
v) गण्डकी प्रदेश
vi) सुदूरपश्चिम प्रदेश
vii) कर्णाली प्रदेश

ग) नेपालको जनसङ्ख्याको प्रदेशगत आकारलाई वृत्त चित्रमा प्रस्तुत गर्नुहोस्।

→

| विवरण प्रदेश | जनसङ्ख्या |
|---|---|
| कोशी | ४९,६१,४१२ |
| मधेश | ६१,१४,६०० |
| बागमती | ६१,१६,८६६ |
| गण्डकी | २४,६६,४२७ |
| लुम्बिनी | ५१,२२,०७८ |
| कर्णाली | १६,८८,४१२ |
| सुदूरपश्चिम | २६,९४६८३ |

कुल जनसङ्ख्या ⇒ २,९१,६४,५७८

कोशी प्रदेश = $\frac{४९६१४१२}{२९१६४५७८} \times ३६०°$

⇒ ६१.२४°

मधेश प्रदेश ⇒ $\frac{६१,१४,६००}{२९१,६४,५७८} \times ३६०°$

⇒ ७५.४६°

बागमती प्रदेश ⇒ $\frac{६११६८६६}{२९१६४५७८} \times ३६०°$

= ७५.५०°

गण्डकी प्रदेश ⇒ $\frac{२४६६४२६}{२९१६४५६८} \times ३६०°$

⇒ ३०.४४°

लुम्बिनी प्रदेश ⇒ $\frac{५१२२०६८}{२९१६४५६८} \times ३६०°$

⇒ ६३.२२°

कर्णाली प्रदेश ⇒ $\frac{१६८८४१२}{२९१६४५६८} \times ३६०°$

⇒ २०.८४°

सुदूरपश्चिम प्रदेश ⇒ $\frac{२६९४६८३}{२९१६४५६८} \times ३६०°$

⇒ ३३.२६°

| सङ्केत | प्रदेश |
|---|---|
| | कोशी |
| | मधेश |
| | बागमती |
| | गण्डकी |
| | लुम्बिनी |
| | कर्णाली |
| | सुदूरपश्चिम |

ख) नेपालको प्रदेशगत जनसङ्ख्या वितरणको अवस्थालाई विश्लेषण गर्नु
→ नेपालको प्रदेशगत जनसङ्ख्या वितरण (जनगणना २०७८ अनुसार) हेर्दा जनसङ्ख्या सबै प्रदेशमा समान रूपमा फैलिएको छैन। मधेश प्रदेश सबैभन्दा बढी जनसङ्ख्या भएको प्रदेश हो भने बागमती प्रदेश दोस्रो स्थानमा पर्दछ। यी प्रदेशहरूमा तराईका समथर भू-भाग, उर्वर भूमि, शहरीकरण, उद्योग, शिक्षा, स्वास्थ्य तथा रोजगारीका अवसर, बढी भएकोले देशका विभिन्न भागबाट मानिसहरू बसाईं सरेका छन्। कोशी, लुम्बिनी, र गण्डकी प्रदेशमा भने तराई र पहाडी क्षेत्रको मिश्रणका कारण जनसङ्ख्या मध्यम स्तरमा वितरण भएको पाइन्छ।

अर्कोतर्फ कर्णाली प्रदेश सबैभन्दा कम जनसङ्ख्या भएको प्रदेश हो र सुदूरपश्चिम प्रदेशमा पनि जनसङ्ख्या तुलनात्मक रूपमा कम छ। यी प्रदेशहरूमा दुर्गम हिमाली - पहाडी, भू-भाग, कमजोर यातायात, सीमित शिक्षा र रोजगारीका अवसर कारण बसोवास कम भएको देखिन्छ। समग्रमा नेपालको प्रदेशगत जनसङ्ख्या वितरणमा भू- आकृति, विकासको स्तर, शहरीकरण र बसाईंसराईले महत्वपूर्ण भूमिका खेलेको छन् जसका कारण प्रदेशहरूबिच जनसङ्ख्याको असन्तुलन देखिएको छ।

ग) पछिल्लो जनगणना अनुसार नेपालको कुल जनसङ्ख्या, प्रदेशगत लिङ्गगत जनसङ्ख्या, प्रदेशगत जनघनत्वको विवरण सङ्कलन गरी तालिकामा प्रस्तुत गर्नुहोस्।
→ यहाँ नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार प्रदेशगत कुल जनसङ्ख्या, लिङ्गगत (पुरुष/महिला) जनसङ्ख्या तथा जनघनत्वको विवरण तालिकाको रूपमा प्रस्तुत गरिएको छ।

| | प्रदेश | कुल जनसङ्ख्या | पुरुष | महिला | जनघनत्व (वर्ग किमी) |
|---|---|---|---|---|---|
| १) | कोशी | ४,९६१,४१२ | ४८.६२ | ५१.३८% | १९२ |
| २) | मधेश | ६,११४,६०० | ५०.१४ | ४९.८६% | ६३३ |
| ३) | बागमती | ६,११६,८६६ | ४९.८४ | ५०.१६ | ३०१ |
| ४) | गण्डकी | २,४६६,४२७ | ४६.४६ | ५२.५३ | ११५ |
| ५) | लुम्बिनी | ५,१२२,०७८ | ४७.९२ | ५२.०८ | २३० |
| ६) | कर्णाली | १,६८८,४१२ | ४८.६९ | ५१.३१ | ६० |
| ७) | सुदूरपश्चिम | २,६९४,७८३ | ४६.३३ | ५३.६७ | १३८ |
| | नेपाल कुल | २९१६४५७८ | ४८.९८ | ५१.०२% | १९८ |

एकाइ ५/पाठ -२

# नेपालको जनसंख्याको बनोट

स्रोत :- राष्ट्रिय जनगणना २०७८, केन्द्रिय तथ्याङ्क विभाग

पुरुषको सङ्ख्या → १,४२,५३,५५१ → ४८.९८%

महिलाको सङ्ख्या → १,४९,११०२७ → ५१.०२%

जम्मा २९१६४५७८

सहरी जनसङ्ख्या → १९२,९९,७८८ (६६.१७%)

ग्रामीण जनसङ्ख्या → ९८,६७,७९० (३३.८३%)

साक्षरता दर

→ पुरुष → ८३.६%

→ महिला → ६९.४%

→ हिमाली क्षेत्रको जनसङ्ख्या – १७७२९४८ (६.०८%)

पहाडी क्षेत्रको जनसङ्ख्या – १,१७,५७,६२४ (४०.३१%)

तराई क्षेत्रको जनसङ्ख्या – १,५६,३४,००६ (५३.६१%)

| प्रदेश | जनसङ्ख्या | क्षेत्रफल प्रतिशत | जनसंख्या प्रतिशत |
|---|---|---|---|
| कोशी | ४९६१४१२ | १७.६ | १७.०१ |
| मधेश | ६११४६०० | ६.६ | २०.९७ |
| बागमती | ६११६८६६ | १३.८ | २०.९७ |
| गण्डकी | २४६६४२७ | १४.६ | ८.४६ |
| लुम्बिनी | ५१२२०७८ | १५.१ | १७.५६ |
| कर्णाली | १६८८४१२ | १९.०० | ५.७९ |
| सुदूरपश्चिम | २६९४७८३ | १३.३ | ९.२४ |

सबैभन्दा बढी जनसङ्ख्या भएका जिल्लाहरु

1) काठमाण्डौ २०४१५८७ (७.०१%)
2) मोरङ ११,४८,१५६ (३.९४%)
3) रुपन्देही ११,२१,९५७ (३.८५%)
4) झापा ९,९८,०५७ (३.४२%)
5) सुनसरी ९२६९६२ (३.१८%)

CamScanner

Century
Page: 7 Date:

सबैभन्दा कम जनसङ्ख्या भएका जिल्लाहरू

१) मनाङ     ५,६५८  (0.02%)
२) मुस्ताङ    १४,४५२  (0.05%)
३) डोल्पा    ४२,६६४  (0.15%)
४) रसुवा    ४६,६८९  (0.16%)
५) हुम्ला    ५५,३९४  (0.19%)

अभ्यास

क) जनसङ्ख्याको आधारमा नेपालको सबैभन्दा धेरै जनसङ्ख्या भएको जिल्ला कुन हो?

→ जनसङ्ख्याको आधारमा नेपालको सबैभन्दा धेरै जनसङ्ख्या भएको जिल्ला काठमाडौं हो।

कक्षा ९ 'A'

पाठ - ३
"नेपालको प्रदेशका सामाजिक सांस्कृतिक अवस्था र विशेषता"

Century
Page: /Date:

अभ्यास-

क) बाग्मती प्रदेशका कुनै तीनओटा सामाजिक विशेषताहरू उल्लेख गर्नुहोस्-
→ बाग्मती प्रदेशका कुनै तीनओटा सामाजिक विशेषताहरू निम्न रहेका छन् :-

i) धार्मिक विविधता : हिन्दु, बौद्ध, किरात, इस्लाम लगायतका विभिन्न धर्म- का मानिसहरूको बसोबास,

ii) शहरीकरण र शिक्षा : काठमाडौं उपत्यका केन्द्रित शिक्षा, स्वास्थ्य र व्यवसायिक अवसर।

iii) सांस्कृतिक चाडपर्व र जातीय विविधता : नेपाली, नेवार, तामाङ, मगर जस्ता जातिहरू र तीज, दशैं, ल्होसार जस्ता चाडपर्व।

ख) सुदूरपश्चिम प्रदेशका मुख्य मुख्य सामाजिक पहिचान उल्लेख गर्नुहोस्
→ सुदूरपश्चिम प्रदेशका मुख्य मुख्य सामाजिक पहिचानहरू यस प्रकार रहेका छन् :-

i) जातिय विविधता :- यहाँ, कुमार, ठकुरी, क्षेत्री, डोटेली, ब्राह्मण, आदि- वासी तथा पिछडिएका जातिहरूको बसोबास रहेको छ।

ii) भाषिक र सांस्कृतिक पहिचान :- कञ्चनपुरी, Doteli, Achhami लगायतका भाषा बोलिन्छ; लोकगीत, लोकनाच र परम्प- रागत संस्कृति सामाजिक जीवनमा महत्वपूर्ण छ।

iii) सांस्कृतिक र धार्मिक पर्व :-
छठ, गाईजात्रा, तीज, माघे संक्रान्ति जस्ता चाडपर्व ले सामाजिक मेलमिलाप र समुदायको पहिचान प्रकट गर्छ।

ग) बाग्मती प्रदेशका मुख्य मुख्य जातिहरूको सूची तयार पार्नुहोस्।
→ बाग्मती प्रदेशका मुख्य मुख्य जातिहरूको सूची निम्न रहेको छ :-

- तामाङ
- नेवार
- ब्राह्मण
- क्षेत्री
- शेर्पा
- थारु
- दलित आदि।

एकाइ - ५

"पाठ - ३" नेपालको परिवेशमा सामाजिक, सांस्कृतिक अवस्था र विशेषता"

ग) सामाजिक विविधता नेपालको पहिचान शीर्षकमा एक लेख तयार पार्नुहोस्।

मिति: २०८२/०४/१६

लेख

जार्ती पत्र

"सामाजिक विविधता नेपालको पहिचान"

– आमा हिमाल

नेपाल विविधता र सहिष्णुताको देश हो। यहाँ विभिन्न जाति, भाषा, धर्म, र संस्कृतिका मानिसहरू बसोबास गर्छन्। पहाडी, तराई र हिमाली क्षेत्रमा बसोबास गर्ने विभिन्न समुदायहरूको नेपालको संस्कृति पहिचानलाई समृद्ध बनाएका छन्। हिन्दू, बौद्ध, किरात, इस्लाम लगायतका धर्मका मानिसहरू मिलेर यहाँको धार्मिक तथा सामाजिक जीवनमा विविधता ल्याउँछन्।

नेपालमा भाषिक विविधता पनि अत्यन्त महत्वपूर्ण छ। नेपाली, मैथिली, भोजपुरी, तामाङ, गुरुङ, मगर, थारु, नेवारी जस्ता भाषाहरू यहाँ बोलिन्छन्। हरेक समुदायले आफ्नै सांस्कृतिक परम्परा, लोकगीत, लोकनृत्य र पर्व हरूको माध्यमबाट आफ्नो पहिचान कायम राखेको छ। यसले नेपाली समाजमा सह-अस्तित्व र मेलमिलापको भावना बढाउँछ।

सामाजिक विविधता नेपाली समाजको महान शक्ति हो। विभिन्न जाति र समुदायहरूका चाडपर्व, परम्परा र संस्कृतिहरूले हाम्रो राष्ट्रिय पहिचानलाई बलियो बनाउँछन्। सहिष्णुता, आपसी सहयोग र मेलमिलापका कारण नेपाल विश्वभरी सांस्कृतिक र सामाजिक विविधताको उदाहरणको रूपमा चिनिन्छ।

ग) प्रदेश नं. ४ का कुनै तीनओटा सांस्कृतिक विशेषताहरू उल्लेख गर्नुहोस्।

→ प्रदेश नं. ४ का कुनै तीनओटा सांस्कृतिक विशेषताहरू :-

i) जातीय र भाषिक विविधता :- यहाँ गुरुङ, थकाली, राई, लिम्बु, नेवार, मगर लगायतका विभिन्न जातिहरू बसोबास गर्दछन् र हरेक समुदायको आफ्नै भाषा र संस्कृति छ।

ii) परम्परागत पर्व र चाडपर्व :- दशैं, ल्होसार, तिज, दसैं, तमु ल्होसार जस्ता पर्वहरू यहाँको सांस्कृतिक जीवनमा महत्वपूर्ण भूमिका खेल्दछन्।

iii) लोकगीत र लोकनृत्य :- यो प्रदेशमा विविध जातीय लोकगीत र नृत्य जस्तै : सोरठी, घमार, नाच आदि प्रचलित छन् जसले समुदायको पहिचान र मेलमिलाप झल्काउँछ।

च) गण्डकी प्रदेशका मुख्य धार्मिक स्थलहरूको नाम लेखी छोटकरीमा व्याख्यासमेत गर्नुहोस्।

→ गण्डकी प्रदेशका मुख्य मुख्य धार्मिक स्थलहरूको नाम निम्न रहेका छन् :-

i) मुक्तिनाथ मन्दिर (मुस्ताङ) :- मुक्तिनाथ हिन्दु र बौद्ध धर्मावलम्बीहरूका लागि पवित्र तीर्थस्थल हो। यसलाई मोक्ष प्राप्तिको स्थल मानिन्छ। यहाँ १०८ धारा र प्राकृतिक ग्याँसबाट बल्ने ज्वाला विशेष आकर्षण छन्।

ii) मनकामना मन्दिर (गोरखा) :- मनकामना देवीको मन्दिर इच्छा पूरा हुने विश्वासका कारण प्रसिद्ध छ। देश-विदेशबाट भक्तजनहरू यहाँ दर्शन गर्न आउने गर्दछन्। केबलकार सेवाले यो स्थल झन् सहज बनाएको छ।

iii) विन्ध्यवासिनी मन्दिर (पोखरा, कास्की) :- यो देवी दुर्गाको एक रूपको पूजा गरिने प्रसिद्ध मन्दिर हो। यहाँबाट पोखरा उपत्यकाको सुन्दर दृश्य देखिन्छ र धार्मिकसँग पर्यटकीय महत्व पनि रहेको छ।

iv) तालबाराही मन्दिर (फेवा ताल, पोखरा) : फेवा तालको बीचमा अवस्थित यो मन्दिर बाराही देवीलाई समर्पित छ। यहाँ पुग्न डुंगा प्रयोग गर्नुपर्छ र विशेष पर्वमा ठूलो भीड लाग्ने गर्दछ।

पाठ-४

"नेपालका प्रदेशको आर्थिक अवस्था र विशेषता"

अभ्यास

क) प्रदेश १ र २ का आर्थिक विशेषताहरूको तुलना गर्नुहोस्।

→ प्रदेश १ र २ का आर्थिक विशेषताहरूको तुलना निम्न रहेका छन् :-

- कोशी प्रदेश
- मधेश प्रदेश

| आधार | प्रदेश-१ (कोशी) | प्रदेश-२ (मधेश प्रदेश) |
|---|---|---|
| • मुख्य आर्थिक आधार | - कृषि, उद्योग, जलविद्युत, पर्यटन | - कृषि, व्यापार, साना उद्योग |
| • कृषि उत्पादन | - चिया, अलैंची, अदुवा, धान, मकै | - धान, गहुँ, उखु, तरकारी |
| • उद्योग | - विराटनगर-इटहरी करिडोरमा ठूला उद्योग (जुट, सिमेन्ट, खाद्य, स्टिल) | - साना मझौला उद्योग चिनी मिल, कृषि प्रशोधन |
| • व्यापार/आयात-निर्यात | - औद्योगिक वस्तु निर्यात, आन्तरिक व्यापार। | - भारतसँग सीमा व्यापार प्रमुख। |
| • ऊर्जा | - जलविद्युत सम्भावना उच्च | - जलविद्युत सम्भावना कम। |

२) बागमती प्रदेश व्यापार र औद्योगिक केन्द्र हुनुका पाँचओटा कारण उल्लेख गर्नुहोस्।

→ बागमती प्रदेश व्यापार र औद्योगिक केन्द्र हुनुका पाँच ओटा कारणहरू निम्न रहेका छन् :-

१) राजधानी काठमाडौंको उपस्थिति,
२) विकसित यातायात र पूर्वाधार,
३) ठूलो बजार र जनसङ्ख्या घनत्व,
४) औद्योगिक क्षेत्र र करिडोरहरू,
५) शिक्षित तथा दक्ष जनशक्ति उपलब्धता।

3) प्रदेशको विकासमा सडक पूर्वाधारको महत्व उदाहरणसहित बताउनुहोस्
→ प्रदेशको विकासमा सडक पूर्वाधारको भूमिका अत्यन्त महत्वपूर्ण छ। राम्रो सडकले कृषि, उद्योग र व्यापारलाई बढावा दिन्छ। किसानले आफ्ना उत्पादन सजिलै बजारसम्म पुर्‍याउन सक्छन् र उद्योगका कच्चा पदार्थ तथा तयार सामान एक ठाउँबाट अर्को ठाउँमा पुर्‍याउन सहज छन्छ। उदाहरणका लागि, पूर्व - पश्चिम राजमार्गले विभिन्न प्रदेशहरुबिच व्यापारिक गतिविधि विस्तार गर्न ठूलो सहयोग गरेको छ।

सडक पूर्वाधारले सामाजिक सेवा र पर्यटन विकासमा पनि योगदान पुर्‍याउँछ। स्वास्थ्य, शिक्षा र प्रशासनिक सेवा दुर्गम क्षेत्रमा पुग्न सहज छन्छ। साथै, पर्यटकीय स्थल सम्म सजिलो पहुँच हुँदा पर्यटन फस्टाउँछ। जस्तै, पोखरा, मनाङ, मुस्ताङ, सडक विस्तार पछि मुस्ताङ क्षेत्रमा पर्यटनको संख्या बढेको छ।

4) गण्डकी प्रदेशको आर्थिक क्रियाकलापमा पर्यटन उद्योगको भूमिकाको विश्लेषण गर्नुहोस्।
→ गण्डकी प्रदेशको आर्थिक क्रियाकलापमा पर्यटन उद्योगले अत्यन्त महत्वपूर्ण भूमिका खेलेको छ। पोखरा, अन्नपूर्ण क्षेत्र, मुस्ताङ, मनाङ, मनकामना, मुक्तिनाथ जस्ता प्राकृतिक तथा धार्मिक स्थलहरुको पर्यटक आकर्षित गर्दछन्। यसबाट होटल, रेस्टुरेन्ट, यातायात, ट्रेकिङ, गाइड र स्थानीय उत्पादनको माग बढ्छ, जसले रोजगारी सिर्जना गरी स्थानीय जनताको आयस्तर उकास्न सहयोग पुर्‍याउँछ।

पर्यटन ~~अ~~ उद्योगबाट प्रदेश सरकारलाई कर, शुल्क र सेवा मार्फत राजस्व प्राप्त छन्छ जसले विकास योजनामा लगानी गर्न मद्दत गर्छ। साथै सडक, सञ्चार, र अन्य पूर्वाधारको विकास पनि पर्यटनकै कारण तीव्र छन्छ। यसरी, पर्यटन उद्योगले गण्डकी प्रदेशको आर्थिक वृद्धि, रोजगारी विस्तार र ~~समग्र~~ समग्र विकासमा प्रमुख योगदान पुर्‍याएको छ।

## ५) अन्तरप्रादेशिक सम्बन्धका आयामहरू !

Century
Page / Date

अभ्यास

क) अन्तरप्रदेशको अवधारणा स्पष्ट पार्नुहोस् ।

→ अन्तरप्रदेशको अवधारणा भन्नाले विभिन्न प्रदेशहरूबिच आपसी समन्वय, सहकार्य र सहअस्तित्व कायम गर्ने विचार हो। संघीय प्रणालीमा प्रदेशहरू स्वतन्त्र भए पनि विकास, व्यापार, यातायात र स्रोतसाधनको उपयोगमा एक अर्कामा निर्भर हुन्छन्। यस अवधारणाले समान विकास र राष्ट्रिय एकता मजबुत बनाउन सहयोग गर्छ।

ख) नेपालमा अन्तरप्रादेशिक सम्बन्धमा भएको कानुन व्यवस्थाको औचित्यलाई पुष्टि गर्नुहोस् ।

→ नेपालमा संघीय शासन प्रणाली लागु भएपछि प्रदेशहरूबिच समन्वय र सहकार्य आवश्यक भएकाले अन्तरप्रादेशिक सम्बन्धी कानुन व्यवस्थाको औचित्य पुष्टि हुन्छ। संविधानले संघ, प्रदेश र स्थानीय तहबीच अधिकारको बाँडफाँड गरेकाले प्रदेशहरूबिच उत्पन्न हुन सक्ने द्वन्द्व, भ्रमको तत्काल समाधान गर्न स्पष्ट कानुन अपरिहार्य हुन्छ। यसले शासन प्रणाली लाई व्यवस्थित र प्रभावकारी बनाउँछ।

अन्तरप्रादेशिक कानुनले प्रदेशहरूबिच समान विकास र स्रोतसाधनको न्यायोचित उपयोग सुनिश्चित गर्न सहयोग गर्छ। नदी, सडक, विद्युत, वन जस्ता साझा स्रोतको प्रयोग गर्दा सहकार्य आवश्यक हुन्छ, जुन कानुनी व्यवस्था बिना सम्भव हुदैँन। कानुनले संसाधनको न्यायोचित वितरणमा भूमिका खेल्छ। उदाहरणका लागि नदी, वन, जस्ता साझा प्राकृतिक स्रोतहरू एक प्रदेशको मात्र नभएर अन्य प्रदेशको हितसँग पनि सम्बन्धित हुन्छ। यस प्रकारका स्रोत उपयोग र संरक्षणको स्पष्ट नियम राखेर दुवै पक्षलाई सुरक्षा प्रदान गर्छ।

अन्ततः अन्तरप्रादेशिक कानुनले लोकतान्त्रिक प्रणालीको बल बढाउँदा यसले प्रदेशको स्वतन्त्रता र केन्द्रसँगको समन्वयबीच सन्तुलन कायम गर्छ। विवाद समाधानका लागि न्यायिक र प्रशासनिक मार्ग प्रदान गरेर शान्तिपूर्ण समाधान सुनिश्चित गर्छ। यसरी, अन्तरप्रादेशिक सम्बन्धमा कानुनको उपस्थिति नेपालका लागि अत्यावश्यक र औचित्यपूर्ण छ।

CS CamScanner

Century
Page: / Date:

ग) अन्तरप्रदेश परिषद किन आवश्यक छ, प्रष्ट पार्नुहोस्।

→ अन्तरप्रदेश परिषद आवश्यक हुनुका मुख्य कारणहरू यस प्रकार छन्:-
पहिलो, संघ, प्रदेश र प्रदेशबीच उत्पन्न हुन सक्ने विवाद समाधान गर्न अन्तरप्रदेश परिषद् आवश्यक हुन्छ। अधिकारको बाँडफाँड, स्रोत-को उपयोग वा निति कार्यान्वयनका विषयमा मतभेद हुँदा परिषद्ले संवाद र सहमतिमार्फत समाधान खोज्ने काम गर्छ।

दोस्रो, प्रदेशहरूबिच समन्वय र सहकार्य बढाउन अन्तप्रदेश परिषद् आवश्यक हुन्छ। विकास योजना, पूर्वाधार निर्माण, प्राकृतिक स्रोतको उपयोग जस्ता साझा विषयमा प्रदेशहरूबिच सहकार्य बिना समग्र राष्ट्रिय विकास सम्भव हुँदैन। परिषद्ले यस्तो समन्वयलाई संस्थागत बनाउँछ।

तेस्रो, संघीय प्रणालीलाई प्रभावकारी बनाउन अन्तरप्रदेश परिषद महत्व-पूर्ण हुन्छ। यसले संघीय एकता कायम राख्दै प्रदेशको अधिकार संरक्षण गर्छ र लोकतान्त्रिक शासन प्रणालीलाई मजबुत बनाउँछ। यस कारण अन्तरप्रदेश परिषद नेपालको संघीय शासन प्रणालीका लागि अत्यन्त आवश्यक छ।

घ) प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग नीतिका मुख्य बुँदा उल्लेख गर्नुहोस्।
→ प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग नीतिका मुख्य बुँदा निम्न रहेका छन्:-

- प्राकृतिक साधन स्रोतको दिगो संरक्षण गरी भावी पुस्ताका लागि सुरक्षित राख्ने,
- वन, पानी, माटो, खनिज र जैविक विविधताको उचित उपयोग गर्ने,
- प्राकृतिक स्रोतको संरक्षण गर्दै वातावरणीय सन्तुलन कायम गर्ने,
- स्थानिय समुदायको सहभागितामा स्रोतको संरक्षण र व्यवस्थापन गर्ने,
- आधुनिक प्रविधि र वैज्ञानिक विधिको प्रयोग गरी स्रोतको संरक्षण र विकास गर्ने

(५) प्रादेशिक जनप्रतिनिधिहरूलाई सबल र प्रभावकारी बनाउन के के उपायहरू अवलम्बन गर्न सकिन्छ? उल्लेख गर्नुहोस्।

→ प्रादेशिक जनप्रतिनिधिहरूलाई सबल र प्रभावकारी बनाउन निम्न उपायहरू अवलम्बन गर्न सकिन्छ :

- प्रदेशस्तरीय निर्वाचित सांसद, मेयर र अध्यक्षहरूको क्षमता विकास गर्ने।
- प्रदेशसभा परिषद्लाई सक्षम र प्रभावकारी बनाउने।
- आफ्ना विकास योजना तथा पूर्वाधार परियोजनामा संयुक्त लगानी गर्ने।
- प्राकृतिक साधन-स्रोतको व्यवस्थित/उचित उपयोग गर्ने।
- आर्थिक, व्यापारिक तथा पर्यटन क्षमता बढाउने।
- कानुनी व्यवस्था लागू गरी अधिकार क्षेत्रको विवाद समाधान गर्ने,
- सांस्कृतिक, शैक्षिक र सामाजिक आनन्द प्रदान कार्यक्रम सञ्चालन गर्ने।

(६) (नेपालमा विपद्)

अभ्यास

क) विपद्को परिभाषा लेख्नुहोस्।

→ विपद् भन्नाले प्राकृतिक वा मानव सिर्जित कारणले उत्पन्न भई जनधनको क्षति, मानव जीवनमा जोखिम तथा सामाजिक, आर्थिक र वातावरणीय संरचनामा गम्भीर असर पार्ने आकस्मिक घटना हो।

ख) विपद् र प्रकोपबीच फरक छुट्याउनुहोस्।

→ विपद् र प्रकोपबीचको फरक निम्न रहेका छन् :-

| विपद् (घटनापछि भएको वास्तविक क्षति) | प्रकोप (खतरा/सम्भावना) |
|---|---|
| - क्षति र असर पार्ने आपत्कालीन अवस्था | - सम्भावित रूपमा क्षति पुर्‍याउन सक्ने प्राकृतिक वा मानवीय घटना। |
| - जनधन, संरचना, वातावरण सबैमा असर पर्छ। | - मानव स्वास्थ्य, कृषि वा जीवजन्तुमा बढी असर पर्छ। |
| - उदाहरण : भूकम्पले घर भत्किनु, बाढीले बस्ती डुबान। | - उदाहरण : भूकम्प आउने सम्भावना, भारी वर्षा। |
| - जोखिमको नियन्त्रण नपाउँदा उत्पन्न परिणाम हो। | - जोखिमको स्रोत मात्र हो। |

ग) "विपत बाजा बजाएर आउँदैन। विपतले कुनै जाति, धर्म, धनी गरिब भन्दैन।" यस भनाइको आशय स्पष्ट पार्नुहोस्।

→ "विपत बाजा बजाएर आउँदैन, विपतले कुनै, जाति, धर्म, धनी-गरीब भन्दैन" भन्ने भनाइको आशय विपत सधैं अचानक र बिना पूर्व-सूचना आउने गर्छ भन्ने हो। विपत आउँदा यसले समय, स्थान वा व्यक्तिको अवस्था हेर्दैन, त्यसैले मानिस सधैं सचेत र तयार अवस्थामा रहनु आवश्यक छन्छ। समयमै सावधानी र पूर्वतयारी अपनाएमा विपतबाट हुनेक्षति केहि हदसम्म कम गर्न सकिन्छ।

यसैगरी, विपत पर्दा यसले जाति, धर्म, वर्ग वा आर्थिक अवस्थाको भेदभाव गर्दैन। प्राकृतिक तथा मानवीय कारणले आउने विपतले समाजका सबै तहका मानिसलाई समान रूपमा प्रभावित गर्छ। त्यसैले विपतका सामना गर्न व्यक्तिगत मात्र होइन, सामूहिक जिम्मेवारी, आपसी सहयोग र एकताको भावना आवश्यक छन्छ भन्ने सन्देश यो भनाइले दिन्छ।

## विपतका कारण र प्रभाव

# अभ्यास

क) प्राकृतिक विपतका कारणहरू उल्लेख गर्नुहोस्।

→ प्राकृतिक विपतका कारणहरू निम्न रहेका छन्:-

- अत्याधिक वर्षा वा अनावृष्टि (लामो समयसम्म वर्षा वा पानीको अभाव)
- जलवायु परिवर्तन र तापक्रममा असामान्य वृद्धि।
- नदीको बहाव बढ्नु र तटबन्ध कम्जोर छन्छ।
- हिमनदी पग्लिनु तथा हिमताल फुट्नु।
- वन विनाश र वातावरणीय असन्तुलन।

ख) विपतले मानवीय जीवनमा पार्ने प्रभावहरूको सूची तयार पार्नुहोस्।

→ विपतले मानवीय जीवनमा पार्ने प्रभावहरूको सूची निम्न रहेको छन्:-

- जनधनको क्षति छन्,
- मानिसको मृत्यु तथा घाइते हुन्छ,
- आवास, सडक, अस्पताल, विद्यालय जस्ता भौतिक संरचनाको नष्ट हुन्छ,

- ~~आतंस, सडक~~, खाद्य अभाव र खानेपानीको समस्या उत्पन्न हुन्छ,
- रोग-व्याधि र महामारी फैलिन्छ,
- मानसिक त्रास, तनाव बढ्छ,
- शिक्षा तथा स्वास्थ्य सेवामा असर पर्छ,
- गरिबी बढ्छ।

ख) कोभिड -१९ ले तपाँईको पठनपाठनमा पारेको प्रभावको अनुभवलाई ६ बुँदामा लेख्नुहोस्।

→ कोभिड-१९ ले मेरो पठनपाठनमा पारेको प्रभावको अनुभवहरु यस प्रकार रहेका छन् :-

- विद्यालय लामो समय बन्द हुँदा नियमित पठनपाठनमा असर पर्‍यो।
- अनलाइन कक्षामा इन्टरनेट र उपकरणको समस्या आयो।
- शिक्षकसँग प्रत्यक्ष छलफल र प्रश्न उत्तर गर्न कठिन भयो।
- पढाइको नियमितता र अनुशासन कमजोर बन्यो।
- समूहमा पढ्ने र सहपाठीसँग सिक्ने अवसर घट्यो।
- लामो समय घरमै बस्नुपर्दा मानसिक तनाव बढ्यो।
- व्यवहारिक तथा प्रयोगात्मक कक्षा गर्न पाइएन।
- पढाइप्रति प्रेरणा घटे पनि प्रविधि प्रयोग गर्ने सिप बढ्यो।
- परीक्षा र मूल्याङ्कन प्रणाली प्रभावित भयो।

## (८) (नेपालमा विपत व्यवस्थापन संयन्त्र र योजना निर्माण)

अभ्यास

क) नेपालमा विपत व्यवस्थापनमा संलग्न निकायहरुको सूची तयार गर्नुहोस्।

→ नेपालमा विपत व्यवस्थापनमा संलग्न निकायहरु यस प्रकार रहेका छन् :-

- राष्ट्रिय विपत जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
- गृह मन्त्रालय
- जिल्ला विपत व्यवस्थापन समिति
- प्रदेश विपत व्यवस्थापन समिति
- स्थानीय तह (महानगरपालिका, नगरपालिका, गाउँपालिका)
- नेपाली सेना
- नेपाल प्रहरी
- स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

• सशस्त्र प्रहरी बल
• रेडक्रस सोसाइटी (नेपाल रेडक्रस)

२७) स्थानीय ज्ञान भनेको के हो? विपत व्यवस्थापनमा स्थानीय ज्ञानले पुर्‍याउने योगदान बारे चर्चा गर्नुहोस्।

→ स्थानीय ज्ञान भनेको कुनै निश्चित भू-भागमा लामो समयदेखि बसोबास गर्दै आएका स्थानीय समुदायले आफ्नो अनुभव, परम्परा, संस्कृति र व्यवहारबाट आर्जन गरेको व्यवहारिक ज्ञान हो।

विपत व्यवस्थापनमा स्थानीय ज्ञान अत्यन्तै महत्वपूर्ण हुन्छ स्थानीय समुदायलाई आफ्नो क्षेत्रको जोखिमपूर्ण स्थान, बाढीका संकेतका राम्रो जानकारी हुन्छ। यसले विपत आउनु अघि नै सतर्कता अपनाउन, सुरक्षित स्थान पहिचान गर्न र समयमै जोखिम (Risk) घटाउने उपाय अपनाउन सहयोग पुर्‍याउँछ।

त्यसैगरी विपत आइपर्दा तत्काल उद्धार, राहत वितरण तथा दीर्घकालीन पुनःस्थापना अत्यन्तै महत्वपूर्ण हुन्छ। यस चरणमा स्थानीय ज्ञान प्रभावकारी र व्यवहारीक रूपमा उपयोगी हुन्छ।

३१) विद्यालय तहको पाठ्यक्रममा विपत व्यवस्थापनसम्बन्धी विषयवस्तु समावेश गर्नुपर्ने ४ ओटा कारण उल्लेख गर्नुहोस्।

→ विद्यालय तहको पाठ्यक्रममा विपत व्यवस्थापनसम्बन्धी विषयवस्तु समावेश गर्नुपर्ने कारणहरू यस प्रकार छन् :-

- सचेत अभिवृद्धि गर्ने : विद्यार्थीहरूलाई बाढी, भूकम्प, पहिरो, आगलागी जस्ता विपतका प्रकार, कारण र प्रभावबारे प्रारम्भिक ज्ञान दिलाउन सकिन्छ।
- जोखिम न्यूनीकरणमा सहयोग गर्ने :
विपत आउनु अघि अपनाउनुपर्ने सावधानी र सुरक्षित व्यवहार सिकाउँदा सम्भावित क्षति कम गर्न मद्दत पुग्छ।
- आपतकालीन अवस्थामा सही प्रतिक्रिया विकास गर्ने :
विपत पर्दा डराउने होइन, सुरक्षित निर्णय र व्यवहार अपनाउने क्षमता विद्यार्थीमा विकास हुन्छ।
- समुदायस्तरको तयारी बलियो बनाउन :

विद्यालयमार्फत सिकेको ज्ञान विद्यार्थीले परिवार र समुदायमा पुर्याउँ भएकाले सामुदायिक तयारी मजबुत हुन्छ।

घ) तपाई स्थानीय तहको प्रमुख हुनुभयो भने विपत्को व्यवस्थापन कसरी गर्नुहुन्छ। सोका बारेमा आफ्नो विचार प्रस्तुत गर्नुहोस्।

→ यदि म स्थानिय तहको प्रमुख भए भने विपत् व्यवस्थापनलाई उच्च प्राथमिकता दिनेछु। सर्वप्रथम स्थानीय क्षेत्रमा सम्भावित बाढी, पहीरो, आगलागी र भूकम्पजस्ता जोखिमको पहिचान गरी जोखिमयुक्त स्थानमा जनधन र जीवनलाई हुने नोकसान कम गर्ने उपायहरु अवलम्बन गर्नेछु, पूर्वसूचना प्रणाली, सुरक्षित स्थानको व्यवस्थामा जोड दिनेछु साथै विद्यालय र समुदायस्तरमा जनचेतना कार्यक्रम तालिम र अभ्यास मार्फत नागरिकलाई विपत् सामना गर्न सक्षम बनाउनेछु।

विपत् आइपछि छिटो उद्धार, राहत र उपचार सुनिश्चित गर्नु मेरो प्रमुख जिम्मेवारी हुनेछ। आवश्यक खाद्यान्न, औषधि, सुरक्षा, निकायको व्यवस्थालाई बलियो बनाउनेछु त्यसपछि पुन: स्थापना र पुन: निर्माणलाई सुरक्षित र दिगो बनाउँदै स्थानीय ज्ञान र आधुनिक प्रविधिको प्रयोग गरेर भविष्यका विपत् जोखिम न्यूनिकरण गर्ने योजना लागु गर्नेछु।

(४) (भूगोल र सामाजिक जीवनमा सूचना प्रविधि)



# अभ्यास

क) ग्राफ र रेखाचित्रबिचको फरक उदाहरणसहित स्पष्ट पार्नुहोस्।

→ ग्राफले संख्यात्मक डेटा वा तथ्याङ्कलाई चित्रण गर्छ। यसमा अक्ष (x-axis र y-axis) मा संख्या वा मान राखेर सम्बन्ध देखाइन्छ। उदाहरण : महिना अनुसार वर्षाको परिमाण देखाउने लाइन ग्राफ। कुनै पनि ठाउँको तापक्रम, वर्षा, उत्पादन आदिमा के कति परिवर्तन आयो त्यसको अध्ययन गर्न ग्राफको प्रयोग गरिन्छ।

→ रेखाचित्रले सामग्री, वस्तु वा ~~प्रक्रि~~ प्रक्रियाको संरचना वा रूप देखाउँछ। तथ्याङ्कलाई सजिलोसँग देखाउन स्तम्भ रेखाचित्र, रेखा ग्राफको प्रयोग गरिन्छ। उदाहरण : मानव शरीरका अंगहरूको रेखाचित्र, मानव मुटुको संरचना देखाउने रेखाचित्र, पानीको चक्र देखाउने ~~के~~ रेखाचित्र।

ख) कम्प्युटरबाट चार्ट बनाउने तरिकाहरू उल्लेख गर्नुहोस्।

→ कम्प्युटरबाट चार्ट बनाउने तरिकाहरू निम्न रहेका छन् :

- MS-Excel, प्रयोग गर्नै, डाटा राख्ने, चयन गर्ने, Insert मेनुबाट Bar, line, Pie जस्तो चार्ट बनाउने।
- Google seets प्रयोग गर्ने, अनलाइन डाटा लेखेर Insert chart बाट सजिलै चार्ट तयार गर्न सकिन्छ।
- MS word वा Powerpoint मा Insert chart प्रयोग गर्ने, सिधै चार्ट प्रकार छानेर आवश्यक डाटा भरेर चार्ट बनाइन्छ।
- Data visualization Software (जस्तै : Tableabl) प्रयोग गरेर पनि डाटा विश्लेषणको लागि विविध चार्टहरू बनाउन सकिन्छ।
- अनलाइन चार्ट बनाउने उपकरणहरू (जस्तै : chart Go) बाट सजिलै डिजाइन गरिएको चार्ट बनाउन सकिन्छ।

१०) (सामाजिक नक्साङ्कनमा भूसूचना प्रणालीको प्रयोग)

# अभ्यास

क) जिपिएसको पूर्ण रूप लेख्नुहोस्।

→ जिपिएसको पूर्ण रूप ग्लोबल पोजिसनिङ सिस्टम हो।

ख) जिपिएसको उपयोगिता लेख्नुहोस्।

→ जिपिएसको उपयोगिता निम्नानुसार रहेका छन् :-

१.) कुनै पनि स्थान र वस्तुको अवस्थिति पत्ता लगाउन सकिन्छ।

२.) एक ठाउँबाट अर्को ठाउँमा जान वा घुम्न प्रयोग गरिन्छ।

३.) वस्तु वा व्यक्तिलाई अनुगमन गर्न, विश्वको नक्सा तयार गर्न सकिन्छ।

४.) जल, थल र हवाई मार्ग पत्ता लगाउन प्रयोग गरिन्छ।

५.) एक ठाउँबाट अर्को ठाउँको दूरी तथा समय पत्ता लगाउन सकिन्छ।

ग) दूर संवेदनले वर्तमान समयमा पुऱ्याएका फाइदाहरूको सूची तयार पार्नुहोस्।

→ दूर संवेदनले वर्तमान समयमा पुऱ्याएका फाइदाहरूको सूची निम्न रहेका छन्:

१) कुनै खास ठाउँको सिमाना र क्षेत्रफल पत्ता लगाउन मद्दत गर्छ।

२) सामाजिक तथा आर्थिक क्रियाकलापको बारेमा जानकारी दिन्छ।

३) प्राकृतिक सम्पदाको विवरण संकलन गर्न मद्दत गर्छ।

४) भौगोलिक तथा मानवीय क्रियाकलापको बारेमा जानकारी दिन्छ।

५) मौसम पूर्वानुमान, तापक्रम परिवर्तन र वातावरणीय प्रदूषण अध्ययन गर्न उपयोगी हुन्छ।

घ) जिआइएस प्रविधिको उपयोग तपाईंले कहाँ कहाँ र कसरी गर्नुभएको छ। उदाहरणसहित लेख्नुहोस्।

→ जिआइएस प्रविधिको उपयोग मैले निम्न ठाउँमा निम्न तरिकाबाट गरेको छु:-

- ठेगाना र मार्ग पत्ता लगाउन; Google maps प्रयोग गरी घरदेखि आफ्नो गन्तव्यसम्मको छोटो मार्ग पत्ता लगाएको छु।
- यात्रा योजना बनाउन; ट्राफिक कम हुने बाटो छान्न मोबाइल MAP प्रयोग गरेको छु।
- भू-आकृति बुझ्न; भूगोल अध्ययनका लागि नेपालका पहाड, नदी र हाइहरी क्षेत्र GIS नक्सामा हेरेको छु।
- मौसम र हावापानी हेर्न; यात्रा तय गर्न मौसम पूर्वानुमान ~~एप~~ प्रयोग गरेको छु।
- स्रोत र क्षेत्रको जानकारी लिन; जङ्गल, नदी र जमिनको प्रकार बुझ्न GIS नक्सा प्रयोग गरेको छु।